# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### मूरु, रुकूम
### ६ नं. प्रदेश, नेपाल
### २०७३

**त्रिवेणी गाउँ कार्यपालिकाको छैटौं बैठक**

मितिः २०७४ मंशिर २५ गते सोमवार
समयः दिउसो ४ वजे
स्थानः त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय मुरु, रुकुम ।
बैठकको अध्यक्षताः झक्कु प्रसाद घर्ति मगर ।

**त्रिवेणी गाउपालिकाको मिति २०७४ मंशिर २५ गते बसेको छैटौं गाउँ कार्यपालिकाको बैठकमा निर्णयहरु देहाय बमोजिम छन् ।**

निर्णयहरुः

निर्णय नं. १:

त्रिवेणी गाउपालिकाको आ.ब. २०७३/७४ को म.ले.प. प्रतिवेदनमा छलफल तथा समिक्षा गरियो र मलेपले औल्याएको वेरुजु फर्च्योटका लागी गाउ कार्यपालिकाको कार्यालयले सम्बन्धीत कर्मचारीलाई ताकेता गर्ने र वडा कार्यालयको गत आ.ब.को आन्तरीक आय दाखिला गरि संलग्न कागजातहरु पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. २: क)

कर्मचारी छनोट समितिको गठन तथा सेवा सुविधाः वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयमा स्वीकृत दरवन्दी अनुसार रिक्त रहेका प्राविधिक पद, प्रशासन सहायक, राजश्व सहायक, कार्यालय सहयोगी लगायतका पदमा अर्को व्यवस्था भएमा वा स्थायी कर्मचारी खटाईएमा सोही बमोजिम हुने गरी गाउँ कार्यपालिकाको कार्यालयले सो व्यवस्था नहुदा सम्मकालागी करारमा कर्मचारीहरुको नियुक्ति गर्नकालागी तपशिल बमोजिमको एक पदपुर्ति समिति रहनेछ र उक्त समितिका सदस्यको सेवा सुविधा तपशिल बमोजिम हुनेछः

पदपुर्ति समितिको गठनः

१) प्रमुख प्रशासकिय अधिकृतः १ जना.......................................संयोजक
२) गाउँपालिकाकामा कार्यरत अधिकृत स्तरको कर्मचारी : १ जना.......सदस्य
३) सम्बन्धित क्षेत्रको विशेषज्ञ १ जना...........................................सदस्य

ख) पदपुर्ति समितिका सदस्यको सेवा सुविधाः गाउ कार्यपालिकाकाले तोके बमोजिम लोक सेवा आयोग तथा प्रचलित कानुन वमोजिम हुने निर्णय गरियो ।

ग) गाउँपालिकाकाको लागी आवश्य पर्ने कर्मचारीहरु करार  नियुक्ति गर्न सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:**

चालु आ.ब.मा लैंगिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रमा विनियोजन भएको रकम खण्डिकरण गर्नका लागी  सम्बन्धित विषयगत समितिको अध्यक्षले सहजिकरण गर्ने गरि गाउँपालिका स्तरीय सञ्जाल निर्माण गरि सो सञ्जालले कार्यक्रम निर्धारण  गर्ने निर्णय गरियो । यस सम्बन्धमा महिला बालवालिका कार्यालय लाई छुट्याइएको रकम बजेट खण्डीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

गाउँपालिकाका विषयगत समितिहरुको वैठक नियमित रुपमा आयोजना गर्न सम्बन्धीत विषयगत समितिका संयोजकले महिनामा कम्तीमा एक वटा वैठक वस्ने गरि तोकेको मिति, समय र स्थानमा बैठकको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

त्रिवेणी गाउँपालिका भित्रका अपांग तथा जेष्ट नागरिकको सम्बन्धमा तिनिहरुको लगत संकलन गरि उनिहरुको सम्मान तथा उनिहरुले पाउने सेवा सुविधाको सम्बन्धमा गाउँपालिकाले पहल गर्ने र अपांग तथा विपन्न जेष्ट नागरिकलाई गाउँपालिकाकाले दिने सिफारीसहरु निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

त्रिवेणी गाउँपालिका भित्रको शैक्षिक सुधारका लागी गाउँपालिकाको गुरुयोजना निर्माण गर्न गाउँपालिका भित्रका सवै विद्यालयले पुस १५ गते भित्र गाउँपालिकामा पेश गर्ने राय सुझावका आधारमा अगाडी बढ्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

विविध सम्बन्धमा तपशिल बमोजिमको निर्णय गरियो ।

क) गाउँपालिका भित्रका सवै वडामा पुस महिना भित्र इन्टरनेट जडान गर्ने निर्णय गरियो ।

ख) पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरणका लागी सम्बन्धित वडाको सचिव वा वडा अध्यक्षले पेश्कि लिएर तत्काल वितरण सुरु गर्ने निर्णय गरियो ।

ग) LDCDP को  वजेट  अनूसारका  सामानहरु  खरिद  गर्ने  निर्णय  गरियो  ।

घ) गाउपालिकाको प्रमुख स्थानहरुमा गाउँपालिकाको होडिंग वोर्ड स्थापना गर्ने निर्णय गरियो ।

ङ) गाउ प्रहरीको गठनको लागी आवश्यक मापदण्ड निर्माण गर्न मोहन किशोर ओलीको अध्यक्षतामा तपशिल बमोजिमको समति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मोहन किशोर ओली | संयोजक |
| चन्द्र बहादूर ओली | सदस्य |

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुरु, रुकुम
६ नं. प्रदेश नेपाल

राजेन्द्र पून सदस्य
राजकुमारी रेउले खडका सदस्य

च) त्रिवेणी गाउपालिका भित्र पुर्ण सरसफाइ कार्यक्रम लागु गर्न रिता बुढाथोकिलाई सो कार्यक्रमको सहजिकरण गर्नका लागी सहजकर्ताको रुपमा करारमा नियुक्ति गर्न निर्णय गरियो । पारिश्रमिक र सेवा सुविधा गाउ कार्यपालिकाले तोके बमोजिम हूनेछ ।

छ) गाउपालिका भित्र विद्युतिकरण गर्नका लागी विद्युतको पोल राख्ने सम्बन्धमा दुइ वटा पोलको दुरी ५० मिटर देखि ५५ मिटर सम्मको हुनुपर्ने र छोटो तरीकाबाट विद्युत तार जडान गर्ने निर्णय गरियो ।

ज) त्रिवेणी गाउपालिका भित्र LDCDP अर्न्तगतका सामाजिक परिचालकहरुको कार्यक्रम २०७४ पुस १५ गते सम्म रहेकोले सो अवधिमा तिनिहरुले पाउने मासिक तलव रु. १२००० ( अक्षेरुपी बाह्र हजार) न्यून भएकोले गाउपालिकाले तिनिहरुलाई मासिक ७००० (अक्षेरुपी सात हजार ) रुपैया थप सुविधाको रुपमा दिने निर्णय गरियो । पुस १५ गते पछि गाउपालिकाले सम्पुर्ण दायित्व व्यहोर्नुपर्ने भएमा गाउपालिकाका अन्य कार्यालय सहायकले पाउने सरहको सेवा सूविधा लिने निर्णय गरियो ।

**गाउँ कार्यपालिकाको निर्णयहरु प्रमाणित गर्नेको दस्तखतः**

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुरु, रुकुम
६ नं. प्रदेश नेपाल

नामः सिजन कूमार ओली

पदः प्रमूख प्रशासकिय अधिकृत

त्रिवेणी गाउपालिका रूकूम ।

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७४ मंशिर २५ गते ।